# तपाईंका बालबालिकाहरू र किशोर-किशोरीहरूसँग अङ्ग्रेजी सिक्ने: समग्र भाषिक प्रवाहको अभ्यास गर्न घरको कामकाजको प्रयोग



घरको कामकाज गर्ने समय कसले घरको कुन कामकाज र कहिले पूरा गर्नेछ भन्ने बारेमा कुरा गरेर मौखिक भाषाको सीप अभ्यास गर्ने राम्रो समय हुनसक्छ। कुराकानी व्यवस्थित गर्नको लागि घरको कामकाजको चार्ट (chore chart) प्रयोग गर्नुहोस्।

लेखक: निकोल डेसल्ले (Nicole DeSalle), लेखक समन्वयक, आयोवा रिडिङ रिसर्च सेन्टर
पोष्ट गरिएको मिति: मार्च 29, 2022

*सम्पादकको नोट: एकसाथ मिलेर सिक्दा यसले तपाईंका बालबालिका र किशोर-किशोरीहरूको साथै तपाईंको आफ्नै अङ्ग्रेजी भाषाको ज्ञान सुधार गर्न सक्छ। यो पोष्ट अङ्ग्रेजी भाषा सिक्ने रेख-देख गर्ने व्यक्तिहरूलाई (caregivers) आफ्नो दैनिक जीवनमा परिवारको लागि अङ्ग्रेजी सिक्ने अवसर पत्ता लगाउन सहायता गर्नको लागि निर्माण गरिएको निरन्तर श्रृंखलाको भाग हो।*

घरको कामकाज गर्ने क्रममा अङ्ग्रेजी अभ्यास गर्नु तपाईं र तपाईंका बालबालिका तथा किशोर-किशोरीको लागि सिक्ने राम्रो तरिका हो। घरको कामकाज दैनिक वा साप्ताहिक रूपमा गरिने काम भएको हुनाले, परिवारका सदस्यहरूले शब्दभण्डार र वाक्य संरचना अभ्यास गर्ने विभिन्न अवसर प्राप्त गर्छन्, जसले तिनीहरूको समग्र अङ्ग्रेजी भाषाको

प्रवाहलाई सुधार गर्न सक्छ। सबैभन्दा मुख्य कुरा, कुन काम गर्ने, कहिले गर्ने भनेर निर्णय गर्ने प्रक्रिया, र ती काम परिवारका सदस्यहरूलाई सुम्पने कार्य समस्या समाधानको उदाहरण हो। अनुसन्धानले के देखाउँछ भने, जब अङ्ग्रेजी भाषा सिक्नेहरूले समस्याहरू समाधान गर्नको लागि सँगै मिलेर काम गर्छन्, तब तिनीहरूले भाषा संरचनामा अझै ध्यान दिन्छन्, जसले गर्दा तिनीहरूले अर्थलाई जति सक्दो सटीक र स्पष्ट रूपमा व्यक्त गर्न सक्छन् (Kim, 2008)।

---

## एकसाथ पृष्ठभूमि ज्ञान निर्माण गर्ने

अङ्ग्रेजी भाषा सिक्नेहरूका लागि, यो पोष्टमा उल्लेख गरिएका क्रियाकलापहरू सुरु गर्नुभन्दा पहिले तपाईंहरूको लागि यो जानकारी उपयोगी हुन्छ।

*घरको कामकाज (chore)* भनेको तपाईंले घरमा गर्नुहुने काम हो। त्यस्ता कुनै काम हरेक दिन गरिन्छ। कुनै काम हरेक हप्ता गरिन्छ।

आम किसिमका कामकाजका केही उदाहरणहरू यसप्रकार छन्:

- कोठा सफा गर्नु
- ओछ्यान मिलाउनु
- लुगा उठाउने/राख्ने/झुण्ड्याउने
- भाँडा माझ्ने
- कार धुने
- आँगनको झार काट्ने/घाँस काट्ने
- खेलौनाहरू उठाउने
- खाना तयार गर्ने/पकाउने
- खानाको टेबल तयार गर्ने
- खानाको टेबल सफा गर्ने
- भाँडा माझ्ने
- फ्रीज सफा गर्ने
- सावर वा टब सफा गर्ने
- लुगा धुने
- लुगा सुकाउने
- लुगा राख्ने

- भुइँ पुछ्ने
- कार्पेट/भुइँमा भ्याकुम लगाउने
- शिशिरमा पातहरू सफा गर्ने
- हिउँदमा हिउँ हटाउने

---

घरको कामकाजको चार्ट (chore chart) गर्नुपर्ने घरका कामहरूलाई व्यवस्थित गर्ने तरिका हो। तपाईंले एक दिन वा एक हप्ताभरिमा गरिनुपर्ने कामहरू देखाउने घरको कामकाजको चार्ट (chore chart) बनाउन सक्नुहुन्छ। तपाईंले ती कामकाजहरू गर्नको लागि परिवारको कुन सदस्य जिम्मेवार छ त्यो पनि देखाउन सक्नुहुन्छ (घरको कामकाजको चार्टको खाकाको लागि परिवारका लागि पूरक सामग्रीहरू हेर्नुहोस्)।

तपाईंले आफ्ना बालबच्चा वा किशोर-किशोरीसँग अङ्ग्रेजीमा वा तपाईंको मातृभाषामा निम्न प्रश्नहरू सोध्न सक्नुहुन्छ:

- परिवारका सबै जनाले घरको कामकाजमा सहयोग गर्नु किन महत्त्वपूर्ण छ?
- हरेक दिन कुन-कुन कामकाज गरिन्छ? हरेक हप्ता कुन-कुन कामकाज गरिन्छ?
- तिमीलाई कुन काम राम्ररी गर्न सक्छु जस्तो लाग्छ? तिमीलाई सबैभन्दा कम मन पर्ने कामकाज कुन हो?

तपाईंले घरको कामकाजको चार्ट (chore chart) बनाएर प्रयोग गर्दै जाँदा यी प्रश्नहरूमध्ये केही वा सबै तपाईंका बालबच्चा वा किशोर-किशोरीहरूसँग छलफल गर्ने निर्णय गर्न सक्नुहुन्छ।

## एकसाथ अङ्ग्रेजी सिप विकास गर्ने: अङ्ग्रेजी अभ्यास गर्न घरको कामकाजको प्रयोग

### घरको कामकाजको चार्ट (chore chart) निर्माण गर्ने

तल दिइएको उदाहरण चार्ट जस्तै कामकाजको चार्ट बनाउन यी चरणहरू पछयाउनुहोस्।

- पहिलो स्तम्भमा, पूरा गरिनुपर्ने फरक-फरक कामकाजहरूको सूची बनाउनुहोस्।
- सबैभन्दा माथिल्लो पङ्तीमा, हप्ताको हरेक दिनको नाम लेख्नुहोस्।
- त्यस हप्ता परिवारको हरेक सदस्यले पूरा गर्ने कामकाजको बारेमा आफ्ना बालबालिका र किशोर-किशोरीसँग छलफल गर्नुहोस्। हरेक कामकाजको छेउमा र हप्ताको हरेक दिनको मुनि तिनीहरूको नाम लेख्नुहोस् (यस विषयमा थप कुरा तल उल्लेख छ)।

### चित्र 1 उदाहरण कामकाज चार्ट

**गार्सिया परिवारको कामकाजको चार्ट**

| कामकाज | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुकबार | सनिबार | आइतबार |
|---|---|---|---|---|---|---|---|
| भ्याकुम | | | कार्मेन | | | | |
| लुगा धुने | | | | | बुबा | | |
| भाँडा माझ्ने | कार्मेन | मार्को | आमा | मार्को | कार्मेन | बुबा | बुबा |
| खानाको टेबल तयार गर्ने | मार्को | कार्मेन | बुबा | कार्मेन | मार्को | आमा | आमा |
| आफ्नो कोठा सफा गर्ने | | | | कार्मेन | मार्को | | |
| फोहोर बाहिर लैजाने | | | मार्को | | | | |

## भविष्यको बारेमा प्रश्नोत्तर गरेर बोल्ने सिपको अभ्यास गर्ने

हरेक कामकाजको लागि को जिम्मेवार हुनेछ भनेर निर्णय गर्न अङ्ग्रेजीमा सबैले सुन्ने गरी प्रश्नोत्तर गर्नुहोस्।

- सोध्नुहोस्: Who will take out the garbage this week?
- उत्तर: I will do it on Wednesday.

- सोध्नुहोस्: Who will do the dishes on Monday?
- उत्तर: I will do them.

### व्याकरण स्पोटलाइट: "Will" र "Going To"

भविष्यको कामको बारेमा कुरा गर्नको लागि "will" र "going to" को प्रयोग गरिन्छ। तैपनि, फरक-फरक परिस्थितिमा तिनको प्रयोग गरिन्छ।

### "Will" को प्रयोग कहिले गर्ने

बोल्दै गर्दा भविष्यमा गरिने कामको बारेमा बताउन, "will" को प्रयोग गर्नुहोस्। उदाहरणको लागि:

- पहिलो व्यक्ति: Who will do the dishes on Monday?
- दोस्रो व्यक्ति: I will.
- पहिलो व्यक्ति: Great! Let's write your name down on the chart.

## "Going To" को प्रयोग कहिले गर्ने

बोल्नुभन्दा पहिले निर्णय गरिएको भविष्यको योजनाको बारेमा बताउन, "going to" को प्रयोग गर्नुहोस्। उदाहरणको लागि:

- पहिलो व्यक्ति: Who is going to set the table tonight?
- दोस्रो व्यक्ति: I'm not sure. Let's look at the chart. Marco is going to set the table tonight.

कामकाजको चार्ट भर्दा कुन प्रयोग गर्ने? कामकाजको निर्णय तपाईंले कामकाजको चार्ट भर्ने र छलफल गर्ने क्रममा गर्नुहुने हुनाले, भविष्यका यी कार्यहरूको बारेमा छलफल गर्न "will" को प्रयोग गर्नुहोस्।

कामकाजको चार्ट भर्ने काम पूरा गरिसकेपछि, तपाईं र तपाईंका बालबालिका र किशोर-किशोरीले बोल्न अभ्यास गर्दा यसको प्रयोग गरिरहन सक्नुहुन्छ। तैपनि, चार्टले पहिले नै निर्धारित गरेका भविष्यका योजनाहरूलाई देखाउने हुनाले, "will" को सट्टा "going to" को प्रयोग गर्नुहोस्। कामकाजको बारेमा कुरा गर्ने क्रममा "going to" को प्रयोग गर्न अभ्यास गर्दा निम्न वाक्य संरचनाको प्रयोग गर्नुहोस्।

## कामकाजको निम्ति भविष्यको योजनाहरूका बारेमा कुरा गर्नको लागि चाहिने वाक्य संरचनाहरू

**प्रश्न**

- Who is going to _____ this week?

**उदाहरणहरू**

- Who is going to **do the laundry** this week?
- Who is going to **take out the garbage** this week?

**उत्तर**

- _________ is going to _______on ________.

**उदाहरणहरू**

- **Dad** is going to **do the laundry** on **Friday**.
- **Marco** is going to **take out the trash** on **Wednesday**.

## विगतको बारेमा प्रश्नोत्तर गरेर बोल्ने अभ्यास गर्नुहोस्

कामकाज पूरा गर्दै जाँदा त्यसको लेखाजोखा राख्नको लागि पनि तपाईं र तपाईंका बालबालिका वा किशोर-किशोरीले कामकाजको चार्ट प्रयोग गर्न सक्नुहुन्छ। तलको उदाहरणमा, "x" चिन्हले पूरा भएको कामकाजलाई जनाउँछ।

**गार्सिया परिवारको कामकाजको चार्ट**

| कामकाज | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुकबार | सनिबार | आइतबार |
|---|---|---|---|---|---|---|---|
| भ्याकुम | | | x कार्मेन | | | | |
| लुगा धुने | | | | | बुबा | | |
| भाँडा माझ्ने | x कार्मेन | x मार्को | आमा | मार्को | कार्मेन | बुबा | बुबा |
| खानाको टेबल तयार गर्ने | x मार्को | x कार्मेन | बुबा | कार्मेन | मार्को | आमा | आमा |
| आफ्नो कोठा सफा गर्ने | | | | कार्मेन | मार्को | | |
| फोहोर बाहिर लैजाने | | | x मार्को | | | | |

आफ्ना बालबालिका वा किशोर-किशोरीसँग, पूरा भएका कामकाजमा चिन्ह लगाउनुहोस्। पूरा भएका कामकाजका बारेमा प्रश्न गर्ने र उत्तर दिने अभ्यास गर्नुहोस्।

- सोध्नुहोस्: Did Marco do the dishes on Monday?
- उत्तर: Yes, he did.

- सोध्नुहोस्: Has Carmen cleaned her room?
- उत्तर: No. She is going to clean it on Thursday.

## व्याकरण स्पोटलाइट: “Past” र “Present Perfect”

परिस्थिति अनुसार, पूरा भएका कामकाजको बारेमा बताउन भूत काल (past tense) र पूर्ण वर्तमान काल (present perfect tense) दुवैको प्रयोग गर्न सकिन्छ।

### कहिले भूत काल (Past Tense) को प्रयोग गर्ने

काम पूरा भएको छ र त्यसको कुनै वर्तमान प्रभाव छैन भने भूत काल (past tense) को प्रयोग गर्नुहोस्। उदाहरणको लागि:

- पहिलो व्यक्ति: Did Carmen vacuum?
- दोस्रो व्यक्ति: Yes, she did.

विगतको काम समाप्त भएपछि त्यसका विस्तृत कुरा बताउनको लागि भूत काल (past tense) को प्रयोग गर्नुहोस्। उदाहरणको लागि:

- पहिलो व्यक्ति: Did Carmen Vacuum?
- दोस्रो व्यक्ति: Yes, she vacuumed on Wednesday

### पूर्ण वर्तमान काल (Present Perfect Tense) प्रयोग कहिले गर्ने

काम पूरा भएको छ र वर्तमानमा त्यसको प्रभाव छ भने पूर्ण वर्तमान काल (present perfect tense) प्रयोग गर्नुहोस्। उदाहरणको लागि:

- पहिलो व्यक्ति: Has Marco set the table?
- दोस्रो व्यक्ति: Yes, he has. Now we can serve dinner.

पूरा हुने समय उल्लेख नगर्ने शब्दमा पूर्ण वर्तमान कालको प्रयोग गर्नुहोस्। उदाहरणको लागि:

- पहिलो व्यक्ति: Has Carmen cleaned her room?
- दोस्रो व्यक्ति: No, she hasn’t. She is going to clean it on Thursday.

कामकाज गर्नु सधैँ रमाइलो हुन्छ भन्ने छैन। तर आफ्ना बालबच्चा र किशोर-किशोरीसँग कामकाजको बारेमा कुरा गर्नु अङ्ग्रेजी सीपको अभ्यास गर्ने राम्रो तरिका हो।

## परिवारहरूका लागि पूरक सामग्री

## कामकाज चार्ट

हप्तामा पूरा गर्नुपर्ने कामको सूची बनाएर, परिवारको कुन सदस्यले कुन कामकाज गर्नेछ र कुन दिन गर्नेछ भनेर सूचित गरी विवरण भर्न, र अङ्ग्रेजी अभ्यास गर्न परिवारमा छलफल गर्नको लागि यो खाका प्रयोग गर्नुहोस्।

## सन्दर्भहरू

Kim, Y. (2008). The contribution of collaborative and individual tasks to the acquisition of L2 vocabulary. *The Modern Language Journal*, *92*, 114–130. http://www.jstor.org/stable/25172996